

# अर्थपूर्ण सम्बन्ध बनाउँदै

*हाम्रो अरुहरुको हेरचाह गर्ने क्षमता बढ्छ जब हामी उनिहरुसंग अर्थपूर्ण सम्बन्ध राख्छौं।*

अरुलाई सेवा गर्ने निमन्त्रणा उनिहरुसंग हेरचाहपूर्ण सम्बन्ध बढाउने अवसर हो- त्यो एस्तो सम्बन्ध हुन्छ जसमा उनीहरुलाई हामीसंग मदत मग्न र स्वीकार्न आरामदायक हुनेछ। जब हामीले तेस्तो सम्बन्धको विकास गर्ने प्रयास गर्छौं, परमेश्वरले सम्बन्धमा भएका दुवै तिरका जीवनमा परिबर्तन ल्याउनुहुनेछ।

"म साँच्चै विश्वास गर्छु कि महत्वपूर्ण सम्बन्ध बिना कुनै पनि महत्वपूर्ण परिवर्तन छैन," शरोन यूबंक, राहत समाज साधारण अध्यक्षताका प्रथम सल्लाहकारले भन्नु भयो। र अरूको जीवनमा सेवाको परिमार्जन गर्न हाम्रो कार्यका लागि, उहाँले भन्नुभयो, तिनीहरु "निको पार्न र सुन्न र सहयोग गर्न र आदर गर्न इमान्दार इच्छामा जडित हुनुपर्छ।" [1]

"अर्थपूर्ण सम्बन्ध रणनीतिहरू होइनन्। तिनीहरू दया, निष्कपट प्रयासहरू र "साँचो प्रेममा" बनाइएका छन्।" (सिधान्त र करार १२१:४१) [2]

**सम्बन्ध निर्माण र सम्बन्ध बलियो बनाउने तरिका**

"हामी एक समएमा एक व्यक्तिबाट (सम्बन्ध) बनाउँछौं, एल्दर दिएतेर एफ. उक्दोर्फ बाह्र गणका प्रेरितले भन्नुभयो। [3] जब हामी हामीले सेवा गर्नेहरुलाई अर्थपूर्ण सम्बन्ध बनाउने प्रयास गर्छौं, पवित्र आत्माले हामीलाई सहि बाटो देखाउनुहुन्छ। निम्न सुझावहरु एल्दर उक्दोर्फको प्रस्तावित ढाँचामा आधारित छ। [4]

- **तिनीहरूको बारे जान्नुहोस्।**

अध्यक्ष ट्राफ्ट बेन्सेनले (१८९९-१९९४) सिकाउनुभयो, "हामीले जसलाई राम्रोसंग जान्दैनौं उसको राम्रोसंग सेवा गर्न सक्दैनौं। " उहाँले सल्लाह दिनुभयो कि हामीले परिवारका हरेक सदस्यको नाम जन्नुपर्छ र जन्मदिन, आशिष्, बप्तिस्मा र विवाह जस्ता महत्वपूर्ण घटनाको सजग हुनुपर्छ। यसले एउटा टिप्पणी लेख्न वा एउटा विशेष उपलब्धि वा उपलब्धिमा एक परिवारको सदस्यलाई बधाई दिन कल गर्ने अवसर प्रदान गर्दछ। [5]

- **सँगै समय बिताउनुहोस्।**

एक सम्बन्ध विकास गर्न समय लाग्छ। सम्पर्क बनाएर राख्ने अवसर हेर्नुहोस। अध्यनले देखाउँछ कि मानिसहरुलाई हामीले उनीहरुको पर्वाह गरेको थाहा दिनु राम्रो सम्बन्धकोलागि आवश्यक छ। [6] *हामीलाई सेवागर्न बोलावट आएकाहरुसंग प्राय: **भेटौं**। उनिहरुसंग चर्चमा कुरा **गरौं**। कुनै पनि अतिरिक्त माध्यम प्रयोग गर्नुहोस् जसले अर्थ दिन्छ-- जस्तै इमेल, **फेस**बूक, इन्स्ताग्राम, त्वित्टर, स्काइप, फोन काल अथवा एउटा कार्ड पठाउनुहोस्। एल्दर रिचार्ड जी. स्कट बाह्र गणका प्रेरितले प्रेम र समर्थनको सरल र रचनात्मक अभिव्यक्तिको शक्तिको बारेमा बोल्नु भयो। प्राय: म आफ्नो धर्म**सास्त्र खोल्थें**,........ र मैले तेस्मा (मेरी श्रीमती) जेनेनले पृष्ठहरूमा फिसालिएका प्रेमपूर्ण, सहयोगी टिप्पणी फेला **पार्थें** ।.... ति बहुमुल्य टिप्पणीहरू...... अहिलेपनि सान्त्वना र प्रेरणाको अनमोल खजाना हुन्। ७*

स्मरणरहोस, सम्बन्ध बन्न दुइजना लाग्छ। तपाईं माया र मित्रता प्रस्ताव गर्न सक्नुहुन्छ, तर प्रस्ताव स्वीकृत नभएसम्म सम्बन्ध वृद्धि हुनेछैन। यदि अर्को व्यक्ति अपमानजनक देखिन्छ भने, सम्बन्ध बल नगर्नुहोस्। आफ्नो निष्कपट प्रयास हेर्न उनीहरुलाई समय दिनुहोस्, र यदि आवश्यक छ भने, तपाईंको अगुवाहरु संग सार्थक सम्बन्धको सम्भावनाको बारेमा सल्लाह गर्नुहोस्।

- **हेरविचार संग कुराकानी गर्नुहोस्।**

अर्थपूर्ण सम्बन्ध बनाउन हामीलाई सतर्कताभन्दा बाहिर जान आवश्यक छ। सतर्क्रित संचार कार्यक्रमहरू, मौसम, र अन्य साना समस्याहरू बारे सानो कुराबाट पूर्ण छ, तर यसमा भावना, विश्वास, लक्ष्यहरू, र थप सार्थक सम्बन्धहरू बनाउन आवश्यक चिन्ताहरू समावेश गर्दैन। स्वर्गीय पिताले उहाँको पुत्रको साथ (यूहन्ना ५:२०) अनि आफ्ना अगम्बक्ताद्वारा हामीसंग (आमोस ३:७) आफ्ना भावना र योजनाहरु साझेदारी गरेर अधिक सार्थक प्रकारको सञ्चारलाई मोडेल बनाउनु भएको छ। यूहन्ना ५:२० अनि उहाँका अगमवक्ताका माध्यमबाट हामीसँग आमोस ३:७ हामीले हाम्रो दैनिक कार्य र चुनौतिहरु आत्माको संकेत अनुसार एक अर्का संग साझेदारी गर्यौंभने हामीले सामान्य रुचिहरू र साझा अनुभवहरू फेला पार्छौं र एकअर्काको लागि प्रशंसा गर्छौं।

सुन्नु भनेको संचार गर्ने एक महत्वपूर्ण भाग हो।[८] जब तपाईं ध्यानपूर्वक सुन्नुहुन्छ, तपाईं तिनीहरूको आवश्यकतामा बुझ्न र अन्तरदृष्टि प्राप्त गर्नुहुन्छ र तिनीहरूले माया, समझ, र सुरक्षित महसुस गर्छन्, तब तपाइले अरुहरुलाई ख्रीष्टमा ल्याउने अवसर बढ्छ।

- **भिन्नता र समानताहरूको मूल्यांकन गर्नुहोस्।**

"केहि ... विश्वास गर्छन् कि चर्चले प्रत्येक सदस्यलाई एकल ढालबाट सिर्जना गर्न चाहन्छ - कि प्रत्येकले एक अर्को जस्तो हेर्न, महसुस गर्न, सोच्न, र व्यवहार गर्नुपर्छ," एल्दर उक्दोर्फले भन्नु भयो, "यसले भगवानको प्रतिभालाई विरोध गर्दछ, जसले हरेक व्यक्तिलाई आफ्नो भाइबाट फरक बनाउँछ। ...

"यो चर्च को विकास हुन्छ जब हामीले एसको विविधताको फायदा उठाउछौं र एकअर्काको बिकास र सँगी चेलाहरूलाई उत्साहित र बलियो बनाउन आफ्ने प्रतिभा को प्रयोग गर्न प्रोत्साहित गर्छौं।"[9] अरुलाई परमेश्वरले जस्तै प्रेम गर्न हामीले उनीहरुलाई परमेश्वरले जसरी हेर्छ त्यसरीनै हेर्न आवश्यक छ। प्रबक्ता थोमस एस. मोन्सोनले (१९२७-२०१८) सिकाउनु भयो, "हामीले अरुहरुलाई आजको रूपमा होइन आउने दिनको रूपमा हेर्ने क्षमताको विकास गर्नुपर्छ।"[10] हामीले अरुहरुलाई परमेश्वरले जस्तै हेर्न परमेश्वरर्लाई मदतको लागि प्रार्थना गर्न सक्छौं। जब हामी अरूलाई विकासको सम्भावनाको आधारमा व्यवहार गर्दछौं, उनीहरुले यस अवसरमा वृद्धि गर्न सम्भव छन्।[11]

- **तिनीहरूलाई सेवा गर्नुहोस्।**

हमिलिए सेवा गर्ने हरुको आवश्यकताहरुसँग संवेदनशील हुनुहोस् र आफ्नो समय र प्रतिभा दिन तयार हुनुहोस चाहे त्यो आवश्यकताको समयमा वा केवल किनकी तपाईं चिन्ता गर्नुहुन्छ। तपाइ त्यहाँ आकस्मिक, बिमारी, वा तत्काल अवस्था हुँदा त्यहाँ आराम, समर्थन र आवश्यक मद्दत प्रदान गर्न सक्नुहुन्छ। तर धैरै धैरै सम्बन्धमा हामी प्रतिक्रियाशील छौं। परमेश्वरले हामीलाई अभिकरण दिनुभएको छ ताकी हामीले अधिनमा लिऔं नकि हामी अरुको अधिनमा आओस। (२नेफी २:१४) २ नफ़ि २:१४ प्रेरित यूहन्नाले हामीलाई सिकाउनु भएको छ कि हामीले परमेश्वरलाई प्रेम गर्नुपर्छ किनकि उहाले पहिले हमिलिई प्रेम गर्नुहुन्छ। (१ यूहन्ना ४:१९) १ यूहन्ना ४:१९ जब अरूले हाम्रो सेवाको कामबाट हाम्रो साँचो प्रेम महसुस गर्छ, यसले हृदयलाई नरम र प्रेम र भरोसा बढाउन सक्छ।[12] यसले सम्बन्ध निर्माण गर्न सक्ने दयालु कार्यहरू बढेको सर्पल सिर्जना गर्दछ।

## मुक्तिदाताले जस्तै सेवाकाइ गर्ने।

येशू ख्रीष्टले आफ्ना चेलाहरूसँग सार्थक सम्बन्ध निर्माण गर्नुभयो (यूहन्ना ११:५) यूहन्ना ११:५ उनी तिनीहरूलाई जान्दथियो। (यूहन्ना १:४७-४८) यूहन्ना १:४७-४८ उनी उनीसँग समय बिताउँदथियो। (लुका २४:१३-३१) लुका २४:१३-३१ तिनको सञ्चार माध्यम सतर्कता भन्दा बाहिर गयो। (यूहन्ना १५:१५) यूहन्ना १५:१५ उहाँले तिनीहरूको मतभेदहरूको कदर गर्नुभयो (मत्ती ९:१०) मत्ती ९:१० र उनीहरूको क्षमता देख्नुभयो (यूहन्ना १७:२३) यूहन्ना १७:२३ उहाँ प्रशासनका गराउनु आएको होइन प्रशासनका गर्न आएको भन्दै उनले सबैलाई सेवा गर्थे, यद्यपि उहाँ सबैको प्रभु हुनुहुन्थ्यो। (मर्कूस १०:४२-४५) मर्कूस १०:४२-४५).

तपाईंले सेवा गर्न बोलाइएकोहरुसंग बलियो सम्बन्ध निर्माण गर्न के गर्न सक्नुहुन्छ?

## सूचीहरू


1. Sharon Eubank, in “Humanitarian Acts Must Be Rooted in Relationship, Sharon Eubank Says,” mormonnewsroom.org.
2. See “Ministering Principles: Reach Out in Compassion,” *Liahona*, July 2018, 6–9.
3. Dieter F. Uchtdorf, “Of Things That Matter Most,” *Liahona*, Nov. 2010, 22.
4. See Dieter F. Uchtdorf, “Of Things That Matter Most,” 22.
5. See Ezra Taft Benson, “To the Home Teachers of the Church,” *Ensign*, May 1987, 50.

6. See Charles A. Wilkinson and Lauren H. Grill, "Expressing Affection: A Vocabulary of Loving Messages," in Making Connections: Readings in Relational Communication, ed. Kathleen M. Galvin, 5th ed. (2011), 164–73.

7. Richard G. Scott, "The Eternal Blessings of Marriage," *Liahona*, May 2011, 96.

8. See "Ministering Principles: Five Things Good Listeners Do," *Liahona*, June 2018, 6–9.

9. Dieter F. Uchtdorf, "Four Titles," *Liahona*, May 2013, 59.

10. Thomas S. Monson, "See Others as They May Become," *Liahona*, Nov. 2012, 69.

11. See Terence R. Mitchell and Denise Daniels, "Motivation," in Handbook of Psychology, vol. 12, ed. Walter C. Borman and others (2003), 229.

12. See Edward J. Lawler, Rebecca Ford, and Michael D. Large, "Unilateral Initiatives as a Conflict Resolution Strategy," Social Psychology Quarterly, vol. 62, no. 3 (Sept. 1999), 240–56.

© 2018 by Intellectual Reserve, Inc. All rights reserved. Printed in USA. English approval: 6/17. Translation approval: 6/17. Translation of *Ministering Principles, August 2018*. Nepali. 15051 372